नेपाल राष्ट्र बैंक/इ.प्रा./"घ"/८५/०७५/०७६ कम्पनी दर्ता नं.१९२७८३/०७४/०७५
स्थायी लेखा नं. ६०६६६८९३२

# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड

## केन्द्रीय कार्यालय बा.न.पा २, श्रीनगरटोल बागलुङ

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था)

# आ.व. २०८१/०८२ को
# सातौं वार्षिक साधारण सभाका निर्णयहरु

सभा मिति : २०८३ साल बैशाख २२ गते मंगलवार ।

सभा समय : दिउसो १२: १५ बजे देखि ३:०० बजे सम्म

सभा स्थान : धौलागिरी सामुदायिक श्रोत विकास केन्द्रको सभाहल बागलुङ नगरपालिका वडा ४, उपल्लाचौर बागलुङ ।

# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड
## केन्द्रीय कार्यालय बा.न.पा. २,श्रीनगरटोल बागलुङको
## आ.व.२०८१/०८२ सातौं वार्षिक साधारण सभाका निर्णय पुस्तिका

१. **बैधानिक सभा :**
मिति २०८३ बैशाख २२ गते मंगलवार बसेको यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको **४८** औं बैठकको निर्णय अनुसार बोलाईएको संस्थाको सातौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**
२.१ मिति : २०८३ बैशाख २२ गते (तद्नुसार ५ मे, २०२६) ।

२.२ स्थान : धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र बागलुङको सभाहल ।

२.३ समय : दिउसो १२ : १५ बजे देखि ३:०० बजे सम्म ।

३. **सभाको सूचना :**
३.१ यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२/१२/२१ गते शनिबारको दिन दिउसो ३ बजे बसेको ४७ औं बैठकको निर्णय नं.४ ले यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा २०८३ बैशाख २२ गते मंलगबार बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी सातौं वार्षिक साधारण सभा हुनु भन्दा २१ दिन अगावै शेयरधनीहरुलाई सभाको जानकारी गराउनु पर्नेमा **मिति २०८२ साल चैत्र २३** गतेको ढोरपाटन राष्ट्रिय दैनिक पत्रिकामा र **मिति २०८३ बैशाख ३ गतेको** ढोरपाटन राष्ट्रिय दैनिक पत्रिकामा पून: स्मरणार्थ सूचना प्रकाशित र र दुवै पटकको सुचना वित्तीय संस्थाको वेवसाइटमा समेत अध्यावधिक गरी शेयरधनी महानुभावहरुलाई साधारण सभाको जानकारी गरिएको थियो । साथै संस्थालाई उपलब्ध शेयरधनी विवरणमा उल्लेखित सम्पर्क मोवाइल नं.मा संस्थाको सिस्टमबाट एसएमएस पठाईएको थियो र केन्द्रीय कार्यालय नजिक रहेका शेयरधनीहरुलाई पत्राचार मार्फत समेत जानकारी गरिएको थियो र नियमनकारी निकायहरुलाई समेत नियमानुसार जानकारी गरिएको थियो ।

३.२ उल्लेखित सातौं वार्षिक साधारण सभाको सूचनाको साथमा सञ्चालक समितिको तर्फवाट पेश हुने साधारण तथा विशेष प्रस्तावहरु संलग्न गरी सूचना प्रकाशित गरिएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

४. **गणपुरक संख्या :**
कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावली २०७१ को नियम २३ मा गणपुरक संख्याको सम्बन्धमा "पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको **५० प्रतिशत भन्दा बढी** शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर धनीहरुमध्ये **कम्तिमा ३ जना शेयरधनीहरु स्वयम्** र आफ्नो **प्रतिनिधि मार्फत** उपस्थित नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख भएकोमा आजको सातौं वार्षिक साधारण सभामा ३५ जना शेयरधनीहरु स्वयम्वाट ५,५७,१९३ कित्ता शेयर र ८१ जना शेयरधनीको प्रतिनिधि मार्फत १,८१,१३८ कित्ता गरी ७,३८,३३१ कित्ता उपस्थिति भएको हुँदा सभा सञ्चालनको लागी आवश्यक गणपुरक संख्या पुगेको साथै सोही बमोजिम बाँडफाँड भएको कुल शेयर संख्या १३,३१,०००को **५५.४७** प्रतिशत उपस्थिति भएकोले आजको सातौं वार्षिक साधारण सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव मिन प्रसाद जोशीबाट सभामा जानकारी भयो । साथै ताली बजाएर सभाको बैधानिकता प्रमाणित गरिदिनुहुन शेयरधनी महानुभावहरुलाई हार्दिक आग्रह गर्नुभयो र सभावाट ताली बजाएर बैधानिकता प्रमाणित भयो ।

५. **उपस्थिति :**
**(क) सञ्चालकहरुको उपस्थिति :**

| क्र.सं. | सञ्चालकहरुको नाम | ठेगाना | प्रतिनिधित्व भएको समूह | पद |
|---|---|---|---|---|
| १ | श्री सिर्जना थापा | बागलुङ न.पा. ६, बागलुङ | संस्थापक समूह | अध्यक्ष |
| २ | बरिष्ठ अधिवक्ता श्री हरि प्रसाद शर्मा | बागलुङ न.पा. २, बागलुङ | संस्थापक समूह | सञ्चालक |
| ३ | श्री जीवन आचार्य | बागलुङ न.पा. २, बागलुङ | संस्थापक समूह | सञ्चालक |
| ४ | श्री चेत नारायण सापकोटा | पोखरा म.न.पा. ७, कास्की | सर्वसाधारण समूह | सञ्चालक |
| ५ | श्री सन्जिता नेपाल | कागेश्वरी मनहरा ९, काठमाण्डौ | सर्वसाधारण समूह | सञ्चालक |

**(ख) पर्यवेक्षकहरुको उपस्थिति :**
पर्यवेक्षकको रुपमा केन्द्रीय कार्यालयका कर्मचारीहरु उपस्थित हुनु भएको थियो ।

**(ग) शेयरधनीहरुको उपस्थिति :**

| शेयरधनी | उपस्थिति संख्या | शेयर स्वामित्व (कित्तामा) |
|---|---|---|
| स्वयं उपस्थिति | ३५ | ५,५७,१९३ |
| प्रतिनिधि मार्फत उपस्थिति (प्रोक्सी) | ८१ | १,८१,१३८ |
| **जम्मा उपस्थिति** | **११६** | **७,३८,३३१** |

**(घ) शेयरधनी उपस्थिति संख्या :**

| विवरण | कुल शेयर कित्ता | स्वयं उपस्थिति कित्ता | प्रतिनिधि मार्फत उपस्थिति कित्ता | जम्मा कित्ता | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयरधनी | ९,०१,००० | ५,५५,७५० | १,७६,०६२ | ७,३१,८१२ | ८१.२२ |
| सर्वसाधारण शेयर | ४,३०,००० | १,४४३ | ५०७६ | ६,५१९ | १.५२ |
| **जम्मा** | **१३,३१,०००** | **५,५७,१९३** | **१,८१,१३८** | **७,३८,३३१** | **५५.४७** |

**(ङ) शेयरधनी अनुपस्थित संख्या :**

| विवरण | कुल शेयर संख्या | जम्मा अनुपस्थित शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| संस्थापक शेयरधनी | ९,०१,००० | १,६९,१८८ | १८.७८ |
| सर्वसाधारण शेयर | ४,३०,००० | ४,२३,४८१ | ९८.४८ |
| जम्मा | १३,३१,००० | ५,९२,६६९ | ४४.५३ |

६. **अध्यक्षको आसन ग्रहण :**
सभाको अध्यक्षता : कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १९(१) मा साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा संञ्चालकहरुले आफूमध्येबाट मनोनित गरेको व्यक्तिले गर्नेछ भन्ने व्यवस्था उल्लेख भए बमोजिम आजको यस सातौं वार्षिक साधारण सभाको अध्यक्षता वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष श्री सिर्जना थापाज्यूले गर्नु भएको थियो।

७. **अन्य आसन ग्रहण :**
सभामा प्रमुख अतिथी **पूर्व सञ्चालक कृष्ण राज शर्मा** उपस्थित रहनु भएका सञ्चालकहरु क्रमशः बरिष्ठ अधिवक्ता श्री हरि प्रसाद शर्मा, श्री जीवन आचार्य, श्री चेतनारायण सापकोटा, र श्री सन्जिता नेपाल साथै उपस्थित पुर्व सञ्चालकज्युहरु, उपस्थित शेयरधनीहरुलाई कार्यक्रम सञ्चालक कम्पनी सचिवले आसन ग्रहण गराउनु भयो ।
सभाको कारवाही अगाडी बढाउन सभा अध्यक्षज्यूले कार्यक्रम सञ्चालक कम्पनी सचिव श्री मिन प्रसाद जोशीलाई अनुमति प्रदान गर्नुभयो ।
सभामा स्वागत मन्तव्य वित्तीय संस्थाका सञ्चालक श्री जीवन शर्मा ज्यूले गर्नु भएको थियो भने शुभकामना मन्तव्य संस्थापक शेयरधनी समूहका तर्फबाट श्री रणदेव कृष्ण श्रेष्ठ, ले गर्नु भएको थियो । यसैगरी संस्थाको हालसम्मको प्रगति तथा आगामी कार्य योजनाका बारेमा यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री हेमराज जोशीले सभामा प्रस्तुत भएको थियो ।

८. **सभामा छलफल गरिने बिषयहरुको सूची प्रस्तुत :**
सभा सञ्चालक कम्पनी सचिवले पूर्व निर्धारित सूचना अनुसार देहायका छलफलका विषयहरु रहेको स्मरण गराउदै विषय सूचिहरु वाचन गर्नुभयो ।

**वार्षिक साधारण सभाका छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित मिति २०८१/०४/०१ गते देखि २०८२ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को कारोबारको लेखापरीक्षण गर्नको लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. संस्थाको नियमावली अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएका सञ्चालकहरुको मनोनयन/नियुक्तिलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाको पुँजी वृद्धि योजना सम्बन्धमा ।

२. यस वित्तीय संस्था र अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) तथा पूँजी वृद्धि प्रयोजनको लागि वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीको नियम मा आवश्यक संशोधन गर्ने साथै प्रवन्धपत्र तथा नियमावलीको नियमहरुमा नियमनकारी निकायहरुबाट आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि निर्देशन वा सुझाव आएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध......................... ।**

**९. वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका संचालक तथा सभाका सभा अध्यक्ष श्री सिर्जना थापाज्यूले सञ्चालक समितिको आ.व २०८१/०८२ को बार्षिक प्रतिवेदन वाचन गरी सभामा प्रस्तुत गर्नुभयो । सभाका अध्यक्षज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात कम्पनीको आ.व.२०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचिहरु उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिव तथा कार्यक्रम सञ्चालकले शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनुभई निम्न बमोजिम टिप्पणी, जिज्ञासा, राय र सुझाब प्रस्तुत गर्नुभयो ।

(क) **संस्थापक शेयरधनी समूहका तर्फबाट श्री नेत्रलाल उपाध्यायले** आर्थिक बर्ष २०८०/०८१को तुलनामा आर्थिक वर्ष २०८१/०८२ मा कार्यालय संचालन खर्च वृद्धि भएकोमा चासो व्यक्त गर्नु भयो, **श्री कृष्णराज शर्मा ले** संस्थाले शेयरधनीलाई प्रतिफल लामो समय सम्म प्राप्त नभएकोले लगानी कर्ताहरुलाई प्रतिफल दिने गरी कार्य गर्न र संस्थाले वित्तीय सूचकहरु सकारात्मक राख्न तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा जिज्ञासा व्यक्त गर्नु भयो, **श्री गोविन्द गौतम** ले संस्थाको मर्जर विषयमा चासो राख्दै संस्थाको पुजीवृद्धि गर्नुपर्ने कारण, पुजीबृद्धि नगर्दा यसले पार्ने प्रभाव र शेयरधनीलाई हुने लाभको विषयमा जिज्ञासा राख्नुभयो भने **श्री गिता शर्मा ज्यूले** पूजीवृद्धि गर्दा सबै शेयरधनीहरुको समान सहभागीता हुनुपर्ने भाव प्रकट गर्नुभएको थियो । श्री ज्ञान बहादुर थापा ले बाह्य लेखापरीक्षक नियुक्ति तथा परिवर्तन गर्नुपर्ने कारणको विषय र संस्थाको जगेडा कोष तथा पुँजी योजना विषयमा चासो व्यक्त गर्नु भयो ।

शेयरधनी महानुभावहरुबाट आएका महत्वपूर्ण सुझावहरुका लागि सभाका अध्यक्षज्यूबाट धन्यवाद दिदै आफ्नो तर्फबाट राय सुझाव प्रष्ट पार्नुभयो । अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी जिज्ञासाहरुको जवाफ अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री हेमराज जोशीले शेयरधनीहरुले उठाउनु भएको जिज्ञासा, राय सुझावहरुको समष्टिगत रुपमा प्रष्ट पार्दै शेयरधनीहरुबाट आएका गहन सुझावहरुलाई आगामी दिनमा मनन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै साधारण सभा सम्बन्धी विधि र प्रक्रियाको विषयमा समेत प्रष्ट पार्नु भयो ।

**१०. सभाबाट भएका निर्णयहरु :**

**(क) साधारण प्रस्ताव :**

**१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

निर्धारित विषय सूची साधारण प्रस्ताव नं.१ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युद्वारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**२) लेखापरीक्षकको प्रतिवेदन सहित मिति २०८१/०४/०१ गते देखि २०८२ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।**

निर्धारित विषय सूची साधारण प्रस्ताव नं.२ आर्थिक वर्ष २०८१/२०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही अवधीको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नु भयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**३) कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को कारोबारको वाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

निर्धारित विषय सुचि साधारण प्रस्ताव नं. ३ मा साधारण सभाले संसोधन सहित कम्पनी ऐन, २०६३ को दफा १११ बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को कारोबारको वाह्य लेखापरीक्षण गर्नको लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम सञ्चालक समितिबाट साधारण सभामा नियुक्तीका लागि सिफारिस हुनुभएका श्री R.S.M.A. Associates Chartered Accounts लाई लेखापरिक्षण शुल्क, भ्रमण तथा यातायत लगायत सम्पुर्ण खर्च सहित रु.४००,०००। (अक्षेरेपी चार लाख मात्र ) मुल्य अभिवृद्धि कर सहित शुल्क प्रदान गर्ने गरी बाह्यलेखा परिक्षक नियुक्ती गर्ने निर्णय यस सभामा निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नु भयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**४) संस्थाको नियमावली अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएका सञ्चालकहरुको मनोनयन/ नियुक्तिलाई अनुमोदन गर्ने ।**

निर्धारित विषयसूची साधारण प्रस्ताव नं.४ संस्थाको नियमावली अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएका सञ्चालकहरुको मनोनयन/नियुक्तिलाई अनुमोदन गर्ने सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२/०५/०४ गते बसेका बैठक नं. ३३ ले सर्वसाधारण समूहको तर्फबाट रिक्त सञ्चालक पदमा सोहि समूहका शेयर धनी श्री सन्जिता नेपाललाई नियुक्त गरेको र मिति २०८२/१०/२३ गते बसेका सञ्चालक समितिको ४१ औं बैठकबाट संस्थापक शेयरधनी समूहको तर्फबाट रिक्त सञ्चालक पदमा सोहि समूहका शेयर धनी बरिष्ठ अधिवक्ता श्री हरिप्रसाद शर्मालाई नियुक्ती गरेको हुँदा सञ्चालकहरुको नियुक्ति अनुमोदनका गर्ने निर्णय यस सभामा निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**(ख) विशेष प्रस्तावहरु :**

**१) संस्थाको पुँजी वृद्धि योजना सम्बन्धमा ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं. १ नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरीवेक्षण विभागबाट मिति २०८२/११/२९ गते पत्र संख्या:ल.वि.सं.सु.वि./गैरस्थलगत/धौलागिरी २०८२/२०८३ च.न.२५९ पत्र मार्फत यस वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनमा संस्थाको कुल पुजीकोष ६.३८ प्रतिशत अर्थात तोकिएको न्यूनतम पुजीकोष भन्दा २०.२५ प्रतिशतले न्यून भएकोले संस्थाको पूजी वृद्धि गर्न पुँजी योजना पेश गर्न निर्देशन भए बमोजिम यस वित्तीय संस्थाले १:१को अनुपातमा पुजी वृद्धि गर्ने गरी पुजी वृद्धि योजना तयार गरी नियमनकारी निकायमा पेश गरिएकोमा नियमनकारी निकायबाट पुजी वृद्धि गर्न अनुमति प्राप्त भएमा संस्थाको पुजी १:१ को अनुपातमा वृद्धि गर्ने र पुजी वृद्धि सम्बन्धी सम्पुर्ण कार्य गर्ने गराउने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्युबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**२) यस वित्तीय संस्था र अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं २ यस वित्तीय संस्था र अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**३) गाभ्नै/गाभिने वा प्राप्ति (Merger/ Acquisition) तथा पूँजी वृद्धि प्रयोजनको लागि वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीको नियम मा आवश्यक संशोधन गर्ने साथै प्रवन्धपत्र तथा नियमावलीको नियमहरुमा नियमनकारी निकायहरुबाट आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि निर्देशन वा सुझाव आएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं ३ गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) तथा पुँजी वृद्धि प्रयोजनको लागि वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीको नियममा आवश्यक संशोधन गर्ने साथै प्रवन्धपत्र तथा नियमावलीको नियमहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक तथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि निर्देशन वा सुझाव प्राप्त भएमा सोही अनुरुप आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

११. **विविध प्रस्ताव** अन्तरगत शेयरधनी महानुभावहरुको कुनै पनि प्रस्तावहरु दर्ता नभएको जानकारी साधारण सभालाई गरियो र कम्पनी ऐन २०६३ को दफा ७५ (१) मा व्यवस्था भए बमोजिम **सातौं** वार्षिक साधारण सभाको माईन्यूट विवरणमा सभाको अध्यक्ष र कम्पनी सचिवलाई दस्तखत गर्ने अख्तियारी दिने निर्णय सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**१२. धन्यबाद ज्ञापन :**

संस्थाको सातौं वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तव्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितका लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नु हुने सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै सफलतापूर्वक सभा सञ्चालनमा सहयोग पुऱ्याउनु हुने कम्पनी सचिवज्यू लगायत व्यवस्थापन समूह एवं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका अध्यक्षज्यूबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१३. सभा बिसर्जन :**

अन्त्यमा, सभाका अध्यक्ष तथा वित्तीय संस्थाका संचालक समितीका अध्यक्ष श्री सिर्जना थापाज्यूले छलफल गर्नु पर्ने कुनै विषय बाँकी नरहेले वित्तीय संस्थाको सातौंवार्षिक साधारण सभा दिउसो ३:०० बजे विसर्जन भएको घोषणा गर्नु भयो ।

(श्री मिन प्रसाद जोशी)
कम्पनी सचिव
२०८३/०१/२२

(श्री सिर्जना थापा)
अध्यक्ष सञ्चालक समिति
२०८३ साल बैशाख २२ गते मंगलबार